**प्रस्ताव नं १: अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०४/१८ गते बसेको गाउँ कार्यपालिकाको पहिलो बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २: प्रमुख प्रशासकीय अधिकृतको स्वागत गर्ने सम्वन्धमा ।**

**निर्णय नं २:**

यस सिद्ध कुमाख गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा सरुवा भई आउनुभएका नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह, राजपत्राङ्कित तृतीय श्रेणी प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र कंडेललाई स्वागत गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**प्रस्ताव नं ३: नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत कर्मचारीको करार थप सम्वन्धमा ।**

**निर्णय नं ३:**

आयुवेर्द स्वास्थ्य केन्द्र, सल्यान अन्तर्गत सिद्ध कुमाख ३ ढोरचौरमा संचालनमा रहेको नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत कर्मचारी विनिता बि.क. ले गत आवमा आयुर्वेद स्वास्थ्य केन्द्र सल्यानबाट सेवा सुविधा पाउने गरी नियुक्त भएकोमा यस आवदेखि उक्त केन्द्र संचालनार्थ आवश्यक बजेट यस पालिकाको सशर्त कार्यक्रममा विनियोजन भएको हुदाँ निजको करार थप गरी पौष मसान्तसम्मको लागि करार सम्झौता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४: कर्मचारी खटनपटन सम्वन्धमा ।**

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिकामा कार्यरत कर्मचारीहरुद्वारा सेवाग्राहीहरुमा छिटो छरितो सेवा प्रवाह गर्नेगरी आवश्यकता बमोजिम कार्यरत कर्मचारी खटनपटन गराउने सर्वसम्मतले निर्णय गरियो।

**प्रस्ताव नं ५ आर्थिक सहायत सम्वन्धमा।**

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्ति/संस्थाको नाम | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | रमेश चलाउने | सिद्ध कुमाख ४ घरजले सल्यान | बर्षादको कारण घर भत्किएको | रु १० हजार |

**प्रस्ताव नं ६ कक्षा थप अनुमति दिने सम्वन्धमा।**

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिका वडा नं ५ मा संचालित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०८१ देखि कक्षा ११ संचालन हुदै आएकोमा कक्षा १२ संचालनको लागि मिति २०८२ जेष्ठ ८ गते यस कार्यालयमा निवेदन पेश गरेको हुनाले उक्त विद्यालयले कक्षा संचालनको लागि आवश्यक पूर्वाधार पुरा गरेकोले सो विद्यालयलाई शैक्षिक सत्र २०८२ देखि कक्षा १२ संचालनको अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ७ कार्यविधि संशोधन गरी स्वीकृत गर्ने सम्वन्धमा।**

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको मध्यम अपाङ्गता (ग वर्ग) भएका व्यक्तिहरुलाई र ६५ देखि ६८ वर्ष सम्मका एकल पुरुषलाई अध्यक्ष विशेष भत्ता उपलव्ध गराउने कार्यविधि, २०७९ मा देहायका दफाहरु संशोधन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| दफा तथा उपदफा | भएको | संशोधन गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा २ को उपदफा ३ | सिद्ध कुमाख गाउँपालिकाको मध्यम अपाङ्गता (ग वर्ग) भएका व्यक्तिहरुलाई र ६५ देखि ६८ वर्ष सम्मका एकल पुरुषलाई अध्यक्ष विशेष भत्ता उपलव्ध गराउने कार्यविधि, २०७९ | सिद्ध कुमाख गाउँपालिकाको मध्यम अपाङ्गता (ग वर्ग) भएका व्यक्तिहरुलाई र ६५ देखि ७० वर्ष सम्मका एकल पुरुषलाई अध्यक्ष विशेष भत्ता उपलव्ध गराउने कार्यविधि, २०७९ | |
| दफा २ को उपदफा ५ | एकल जेष्ठ पुरुष भन्नालेः ६५ वर्ष पुरा भई ६८ ननाघेका हाल सम्म विवाह नगरी वसेका र पत्नीको मृत्यु भएका पुरुषहरुलाई सम्झनुपर्छ । | एकल जेष्ठ पुरुष भन्नालेः ६५ वर्ष पुरा भई ७० ननाघेका हाल सम्म विवाह नगरी वसेका र पत्नीको मृत्यु भएका पुरुषहरुलाई सम्झनुपर्छ । | |
| दफा ३ को उपदफा ३ | ६५ वर्ष देखि ६८ वर्ष सम्मका एकल ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षको प्रत्याभूति दिलाई अध्यक्ष विशेष भत्ता वितरणको ब्यवस्था मिलाउन | ६५ वर्ष देखि ७० वर्ष सम्मका एकल ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षको प्रत्याभूति दिलाई अध्यक्ष विशेष भत्ता वितरणको ब्यवस्था मिलाउन | |

**प्रस्ताव नं ८** करार सेवा रद्ध गर्ने सम्वन्धमा ।

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिकामा प्राविधिक शाखाको स्वीकृत दरवन्दी तेरिज अनुसार स्थायी पदपुर्ति नहुदाँको वखत करार सेवा मार्फत कामकाज गराइएकोमा उक्त दरवन्दीमा हाल स्थायी पदपुर्ति भइसकेको हुदाँ करार सेवामा रहेका प्राविधिक कर्मचारी असिस्टेन्ट सव इन्जिनियर श्री पारस बुढाथोकी र श्री बल बहादुर सुनारको करार सेवा मिति २०८२ श्रावन ३० मसान्तदेखि रद्ध गर्ने निर्णय गरियो ।